NHIIS
New Hampshire Immunization Information System

# न्यू ह्याम्पशायर इम्म्युनाइजेसन इन्फर्मेसन सिस्टम
## नव-आमा बुबाको लागि जानकारी

### आमा-बुबा बन्नुभएकोमा तपाईंहरूलाई बधाई छ!

यो तपाईं र तपाईंको परिवार को लागी एक विशेष समय हो। न्यु ह्याम्पशायर डिपार्टमेन्ट अफ हेल्थ एण्ड ह्युमन सर्भिसले तपाईंको बच्चाको जीवनको सुरुवात सकेसम्म राम्रो भएको होस् भन्ने चाहना सँगै यो सुनिश्चित गर्न चाहन्छ। तपाईंको बच्चालाई स्वस्थ राख्न हामी सँगै काम गरौं!



### NHIIS के हो?

न्यू ह्याम्पशायर इम्म्युनाइजेसन (NHIIS) न्यू ह्याम्पशायरको राज्यव्यापी भ्याक्सिन रजिस्ट्री हो। यो सुरक्षित (HIPAA अनुरूप) र गोप्य रजिस्ट्रीले तपाईंको बच्चाको जीवनकालभरि उनको खोपहरूको ट्र्याक/रेकर्ड राख्छ। NHIIS ले यो विवरण तपाईंको बच्चाको स्वास्थ्य सेवा प्रदायकहरूसँग खुला (share) गर्दछ।

### NHIIS प्रयोग गर्नुको फाइदाहरू केके हुन्?

NHIIS ले तपाईंको सबै खोप रेकर्डहरू एकै ठाउँमा राख्छ। यदि तपाईंको बच्चाले न्यू ह्याम्शायर भित्र डाक्टरहरू परिवर्तन गरेको खण्डमा, नयाँ डाक्टरले तपाईंको बच्चाले पहिले प्राप्त गरेका सबै खोपहरू बारे स्वतः हेर्न सक्नेछन्।

NHIIS ले तपाईंलाई https://www.vaccines.nh.gov/vaccination-record-instructions मा प्यासेन्ट पोर्टल मार्फत स्कूल, चाइल्ड केयर, वा कलेजको लागि आवश्यक पर्दा आधिकारिक खोप रेकर्ड प्रदान गर्दछ।

NHIIS ले तपाईंको बच्चालाई खोप लगाउनु पर्ने बेलामा तपाईंको डाक्टरलाई बताउँछ। यसले तपाईंको बच्चाहरूले लगाउनु पर्ने सबै खोपहरू लगाएको र खोपबाट बच्न सकिने रोगहरूबाट पनि सुरक्षित छन् भन्ने सुनिश्चित गर्न मद्दत गर्दछ।

NHIIS ले तपाईंको बच्चालाई आवश्यक नपर्ने थप खोप प्राप्त गर्नबाट रोक्न सक्छ। डाक्टरहरूले तपाईंको बच्चाले पहिले नै पाएका खोपहरू बारे छिटो र सजिलै रुपमा देख्न सक्छन्, र तपाईंको बच्चालाई खोप लगाउनु पर्ने हो वा पहिले नै प्राप्त भइसकेको छ कि छैन भनी थाहा पाउनेछन्।

NHIIS ले तपाईंको बच्चालाई सुरक्षित राख्न खोप आवश्यक भएको तुरुन्तै पहिचान गरेर रोगको प्रकोप रोकन मद्दत गर्न सक्छ।

**NHIIS विवरण निजी हो। विवरणहरू केवल तपाईं, तपाईंको बच्चाको स्वास्थ्य सेवा प्रदायकहरू, र तपाईंको बच्चाको स्कूल नर्ससँग खुला गरिन्छन्।**

## NHIIS मा कस्ता विवरणहरू खुला गरिन्छन्?

सहभागी प्रदायकहरूद्वारा NHIIS लाई पठाइने विवरणमा यी समावेश छन्: बिरामीको नाम, जन्म मिति, लिङ्ग, निवासको काउन्टी सहित पूरा ठेगाना, खोपको नाम, निर्माता, लट नम्बर र खोप लगाइएको मिति।

## के NHIIS मा भाग लिनु अनिबार्य हो?

NHIIS मा भाग लिनु स्वैच्छिक हो र आवश्यक छैन। तपाईं सेवा प्रदायकलाई सूचित गरेर NHIIS को अप्ट-इन वा अप्ट-आउट (आफ्नो बच्चाको खोप विवरण खुला गर्न वा नगर्न) गर्न सक्नुहुन्छ। तपाईंलाई आफ्नो निर्णयको लागि फारम भर्नुपर्ने हुन सक्छ। यदि तपाईंले अप्ट-इन छनौट गर्नुभयो भने, तपाईंलाई आफ्नो/तपाईंको बच्चाको विवरण खुला गर्न स्पष्ट सहमति प्रदान गर्नुपर्ने हुन्छ र तपाईंको/तपाईंको बच्चाको खोप विवरण NHIIS मा प्रविष्ट गरिनेछ। यदि तपाईं अप्ट-इन नगर्ने छनौट गर्नुहुन्छ भने तपाईंको विवरण खुला गरिने छैन।

## यदि मेरो निर्णय परिवर्तन गर्न मन लग्यो भने?

समस्या हुँदैन! तपाईं कुनै पनि समयमा NHIIS मा भाग लिने वा भाग नलिने निर्णय गर्न सक्नुहुन्छ। यदि तपाईंले आफ्नो विचार परिवर्तन गर्नुभएको छ भने कृपया आफ्नो सेवा प्रदायकलाई जानकारी गराउनुहोस्।

## म आफ्नो बच्चाको खोप रेकर्ड कसरी प्राप्त गर्न सक्छु?

अभिभावकहरूले जुनसुकै बेला निम्न प्यासेन्ट पोर्टलबाट NHIIS रेकर्डको प्रतिलिपि डाउनलोड र प्रिन्ट गर्न सक्छन्: https://www.vaccines.nh.gov/vaccination-record-instructions.

## मैले थप जानकारी कहाँ बाट प्राप्त गर्न सक्छु?

NHIIS को बारेमा थप जानकारीको लागि आफ्नो स्वास्थ्य सेवा प्रदायकसँग कुरा गर्नुहोस्। थप जानकारी निम्न वेबसाइटमा उपलब्ध छ: www.dhhs.nh.gov/dphs/immunization/nhiis.htm.

